# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।११।१५ गते।

# प्रेस विज्ञप्ति

## विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला सुनसरी, कोशी गाउँपालिका वडा नं. १ स्थित श्री राष्ट्रिय माध्यमिक विद्यालय लौकहीका प्राथमिक तहका शिक्षक बालेश्वर यादवले नेपाल सरकारद्वारा (Council for Technical Education and Vocational Training) CTEVT/ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्मार्फत प्रदान गरिने चिकित्सा शिक्षा अध्ययन छात्रवृत्ति अन्तर्गत हेल्थ असिष्टेन्ट (Health Assistant/H.A) विषयको खुल्ला कोटा अन्तर्गत न्युरो मेडिकल कलेज विराटनगर मोरङमा शैक्षिक वर्ष २०७५/०७६ देखि ३ वर्षे अध्ययन अवधिमा बिद्यालयमा अनुपस्थित भएको अवधिको तलब भत्ता सुविधा लिएको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **राष्ट्रिय माध्यामिक विद्यालय लौकही सुनसरीका शिक्षक बालेश्वर यादव**ले आफू न्युरो हेल्थ कलेज विराटनगरमा अध्ययनरत रहँदाको दिन ९१ (एकान्नब्बे) फर्जी हाजिरी जनाई तथा दिन ४७ (सत्चालीस) गयल समेत भई तोकिएको सरकारी कामकाज नगरी विद्यालयलाई हानि पुऱ्याई जम्मा रु.१,३०,८४३।०२ (एक लाख तीस हजार आठ सय त्रिचालीस रूपैयाँ दुई पैसा) तलव भत्ताको रुपमा गैरकानूनी लाभ लिएको हुँदा निजको उल्लिखित कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिमको कसुर भएकोले निजउपर सोही ऐनको ऐ. दफाको ऐ. उपदफामा उल्लेख भएअनुसार हदैसम्मको कैद तथा बिगो बमोजिम जरिवाना हुनसमेत सजायको मागदाबी लिइएको छ।

**राष्ट्रिय माध्यामिक विद्यालय लौकही सुनसरीका तत्कालीन प्रधानाध्यापकहरु धनीलाल यादव (हाल अवकाश प्राप्त), भोली यादव (हाल अवकाश प्राप्त) र विरेन्द्र प्रसाद यादवको हकमा** : शिक्षक **धनीलाल यादवले** प्रधानाध्यापक पदको जिम्मेवारीमा रहँदा शिक्षक बालेश्वर यादव न्युरो हेल्थ कलेज विराटनगरमा अध्ययनरत रहेको अवधिमध्ये मिति २०७५ साल आश्विनदेखि २०७६ साल फागुनसम्मको विद्यालय तथा गाउँपालिकाको कार्यालयसमेतको फर्जी हाजिरी दिन ३५(पैतीस) र गाउँपालिकाको कार्यालयमा काज कार्यरत रहँदा हाजिर खाली भई गयल रहेको अवधि दिन ३७(सैतीस) को गरी जम्मा रु.६४,९००।४४ भुक्तानी दिएको, **शिक्षक भोली यादवले** प्रधानाध्यापक पदको जिम्मेवारीमा रहँदा शिक्षक बालेश्वर यादव न्युरो हेल्थ कलेज विराटनगरमा अध्ययनरत रहेको अवधिमध्ये मिति २०७७ साल माघदेखि २०७८ साल कात्तिकसम्म दिन ३४ (चौतीस) फर्जी हाजिरी मात्र गराई विद्यालयमा अध्यापन कार्य नगराई रु.३३,६१८।४२ तलब भत्ता दिलाएको र **शिक्षक विरेन्द्र प्रसाद यादवले** प्रधानाध्यापक पदको जिम्मेवारीमा रहँदा शिक्षक बालेश्वर यादव न्युरो हेल्थ कलेज विराटनगरमा अध्ययनरत रहको अवधिमध्ये मिति २०७८ साल मंसिरदेखि २०७८ साल फागुनसम्मको विद्यालयमा दिन २२ (बाईस) फर्जी हाजिरी गराएको र २०७८ साल मंसिर महिनामा गयल रहेको अवधि दिन १०(दश) को गरी रु.३२,३२४।१६ निज शिक्षक बालेश्वर यादवलाई गैरकानूनी लाभ दिलाई भुक्तानी दिएको पुष्टी भएको हुँदा निजहरु प्रधानाध्यापक **धनीलाल यादव, भोली यादव** र **वीरेन्द्र प्रसाद यादव**को उल्लिखित कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएअनुसार भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिमको कसुरको मतियार भएको देखिएकोले निजहरुउपर प्रधानाध्यापक धनीलाल यादवलाई रु.६४,९००।४४ (चौसठ्ठी हजार नौ सय रुपैयाँ चवालीस पैसा) विगो, प्रधानाध्यापक भोली यादवलाई रु. ३३,६१८।४२ (तेत्तीस हजार छ सय अठार रुपैया बयालीस पैसा) बिगो र प्रधानाध्यापक विरेन्द्र प्रसाद यादवलाई रु.३२,३२४।१६ (बत्तीस हजार तीन सय चौबीस रूपैया सोह्र पैसा) बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिमको कसुरमा ऐ.ऐ. ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्याशमा उल्लेख भएबमोजिम मूख्य कसुरदारलाई हुने सजाय बराबर कैद तथा बिगो बमोजिम जरिवाना हुनसमेत सजायको मागदावी लिई आज विशेष अदालत,काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे